जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ | स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० | अंक १३८ | २०७७ साल पुस १४ गते मंगलबार (29 Dec. 2020 Tuesday) | मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- मौखिक वा विद्युतिय माध्यमबाट कसूरको सूचना दिन सकिने,
- पक्राउ गर्नु अघि मुद्दा हेर्ने अधिकारीबाट पक्राउ पूर्जी जारि गर्नु पर्ने,
- सरकार वादी हुने फौजदारी कसूर सम्बन्धमा मुद्दा नचलाउने निर्णय गरिएमा जाहेरवाला वा पीडितलाई सूचना दिनु पर्ने,
- अभियुक्तले कसूर स्वीकार नगरेको अवस्थामा मुद्दामा ठहर गर्नु कुरा यकिन गर्न अदालतले वादी प्रतिवादीबीच छलफल गगराउन सक्ने,
- अदालतको अधिकारक्षेत्र र हदम्याद सम्वन्धी विषयमा पहिले निर्णय गर्नु पर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : एक प्रतिशत जनसंख्यामा ... ३ पृष्ठमा : बन्दाबन्दीमा समेत ... ३ पृष्ठमा :ट्रम्पद्वारा ९ खर्ब डलरको ...

# संसद विघटन बिरुद्ध काँग्रेसको सबै क्षेत्रमा प्रदर्शन




**दैनिक समाचारदाता**
**राजविराज, १३ पुस ।**
प्रमुख प्रतिपक्षि दल नेपाली काँग्रेसले प्रतिनिधीसभा विघटन बिरुद्ध सोमबार सप्तरीका सबै निर्वाचन क्षेत्रमा बिरोध प्रदर्शन गरेको छ ।
संसद विघटनको निर्णय असंबैधानिक र अलोकतान्त्रिक भएको भन्दै सो कदम फिर्ता लिन प्रदर्शनका क्रममा माग गरिएको छ ।

सदरमुकाम राजविराजमा राजरंगशालाबाट निस्केको जुलुस सर्वसत्तावादी ओली सरकार मुर्दावाद, संसद विघटनको असंबैधानिक कदम खारेज गर, जनता कोरोनाको मारमा नेकपा सरकार सत्ताको जितहारमा लगायतका नाराबाजी गर्दै नगर परिक्रमा गरेको थियो ।

नगरपरिक्रमा पश्चात् आयोजित बिरोधसभालाई क्षेत्रिय सभापति महानन्द यादव, काँग्रेस सप्तरीका सचिव रामकुमार यादव, प्रदेशसभा सदस्य गिता यादव, राजविराज नगर सभापति शम्भुलाल देव लगायतले सम्बोधन गर्दै केपी ओली नेतृत्वको सरकारले एकपछि अर्को असंबैधानिक कदम चालेर लोकतन्त्र र प्रजातन्त्र नै सिध्याउन लागेको भन्दै सरकार बिरुद्ध अन्तिम लडाई लड्ने चेतावनी दिएका थिए ।

यस्तै जिल्लाको निर्वाचन क्षेत्र नं. १ भारदहमा पूर्व गृहराज्य मन्त्री रामकुमार चौधरी, पूर्वमन्त्री हेमराज तातेड तथा क्षेत्रिय सभापति बद्री महात्मानले सम्बोधन गरेका थिए । त्यस्तै क्षेत्र नं. ३ को रुपनीमा काँग्रेस जिल्ला सभापति दिनेश यादव, क्षेत्रिय सभापति रामप्रसाद मण्डल, प्रदेशसभा सदस्य समिमले सम्बोधन गरेका थिए भने क्षेत्र नं. ४ स्थित सुरुङ्गा नगरपालिकाको धातीमा विघठित प्रतिनिधिसभा सदस्य तेजुलाल चौधरी, राष्ट्रियसभा सदस्य जितेन्द्र नारायण देव, क्षेत्रिय सभापति किरण भगतलगायतले सम्बोधन गरेका थिए ।

# असंबैधानिक कदम बिरुद्ध नेकपाले निकाल्यो मसाल जुलुस



**दैनिक समाचारदाता**
**राजविराज, १३ पुस ।**
नेकपा प्रचण्ड माधव समूहले सोमबार साँझ राजविराजमा मसाल जुलुस निकालेको छ ।
प्रधानमन्त्रीको असंबैधानिक कदमको बिरोध गर्दै मसाल जुलुसमा सहभागिहरुले चर्का नाराबाजी समेत गरेका थिए ।
जिल्ला पार्टी कार्यालय निकालिएको मसाल जुलुस नगर परिक्रमा गर्दै नेता चौकमा बिरोध सभामा परिणत भएको थियो ।
आयोजित सभामा युवा नेता निरन्जन झा, बिनोद यादवलगायतले सम्बोधन गर्दै असंबैधानिक कदम सच्याउन माग गर्नुका साथै सो नभए आन्दोलन सशक्त पार्दै लैजाने चेतावनी पनि दिएका थिए ।

# मन्त्री साहद्वारा चिसोपीडितलाई कम्बल प्रदान




**दैनिक समाचारदाता**
**राजविराज, १३ पुस ।**
प्रदेश २ का भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्र प्रसाद साहले सप्तरीको महदेवा गाउँपालिकाका चिसोपीडितलाई सोमबार कम्बल प्रदान गरेका छन् ।
मन्त्री साहले आफ्नो लगानीमा सो गाउँपालिकाका ६०

*बाँकी अन्तिम पृष्ठमा*

सहकारी ऐन २०७४ अन्तर्गत स्थापित
सहकारी बिभाग दर्ता न.१२०१०५७५८
**जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
राजविराज–३,हाल–४ सप्तरी

मिति: २०७७/०९/०१

## सुचना

**बिषय :- संस्थाको १९औं बार्षिक साधारण सभामा सहभागी हुने बारे ।**

उपरोक्त सम्बन्धमा यस संस्थाको मिति २०७७ मंसिर २७ गते बसेको संचालक समितिको निर्णयानुसार यस संस्थाको १९औं बार्षिक साधारण सभा कोभिड–१९ को संक्रमणलाई मध्यनजर गर्दै साधारण सभा सम्बन्धि सहकारी विभागले जारी गरेको सुचना बमोजिम आवश्यक स्वास्थ सुरक्षा तथा सामाजिक दुरी कायमगरी विभिन्न एकाईहरुमा प्रतिनिधि मुलक साधारण सभा संचालन हुने भएको हुँदा यस संस्थाका सम्पुर्ण सदस्य महानुभावहरुलाई निम्न मिति,स्थान र समयमा सहभागिताका लागी हार्दिक अनुरोध छ ।

**कार्यक्रम –**
**१. मिति २०७७/०९/१५ गते देखी २३ गते सम्म तल उल्लेखित तालिका बमोजिम एकाई भेला मार्फत सुझाव संकलन तथा प्रस्तावहरु उपर छलफल र एकाई प्रतिनिधि छनौट गरी निर्णय प्रमाणित गर्ने ।**
**२. मिति २०७७/०९/२५ गते एकाई भेला मार्फत चयन भएका प्रतिनिधिहरुको उपस्थितीमा संकलित सुझावहरु र साधारणसभा का प्रस्तावहरु उपर छलफल गरी साधारणसभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने ।**

| बैठक मिति | एकाई | एकाईको क्षेत्र | बैठक समय | बैठक स्थान |
|---|---|---|---|---|
| २०७७/०९/१५–१६ | १ | राजबिराज न.पा. | बिहान १० बजे देखी ४ बजे सम्म | संस्थाको कार्यालय परिसर |
| २०७७/०९/१७ | २ | राजबिराज न.पा. | बिहान १० बजे देखी ४ बजे सम्म | संस्थाको कार्यालय परिसर |
| २०७७/०९/१८ | ३ | सप्तरी पुर्वी क्षेत्र (राजबिराज देखी पुर्व ) | बिहान १० बजे देखी ४ बजे सम्म | संस्थाको कार्यालय परिसर |
| २०७७/०९/१९ | ४ | सप्तरी पुर्वी क्षेत्र (राजबिराज देखी पुर्व ) | बिहान १० बजे देखी ४ बजे सम्म | संस्थाको कार्यालय परिसर |
| २०७७/०९/२० | ५ | सप्तरी पुर्वी क्षेत्र (राजबिराज देखी पुर्व ) | बिहान १० बजे देखी ४ बजे सम्म | संस्थाको कार्यालय परिसर |
| २०७७/०९/२१–२२ | ६ | सप्तरी पश्चिम क्षेत्र (राजबिराज देखी पश्चिम ) | बिहान १० बजे देखी ४ बजे सम्म | संस्थाको कार्यालय परिसर |
| २०७७/०९/२३ | ७ | सप्तरी पश्चिम क्षेत्र (राजबिराज देखी पश्चिम ) | बिहान १० बजे देखी ४ बजे सम्म | संस्थाको कार्यालय परिसर |
| **२०७७/०९/२५** | **एकाई भेला मार्फत चयन भएका प्रतिनिधिहरुको उपस्थितीमा संकलित सुझावहरु र साधारणसभा का प्रस्तावहरु उपर छलफल गरी साधारणसभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने ।** | | | |

संचालक समितिको आज्ञाले
व्यबस्थापक

## सम्पादकीय

# सकारात्मक कार्यका लागि ठोस नीति बनाएर अघि बढौं

मुलुकभरि अहिले चिसो बढेको छ । चिसो बढेसँगै खासगरि अतिविपन्न परिवारहरु निकै प्रभावित भएका छन् । एक छाक खान धौ धौ हुने ती परिवार चिसोमा न्यानो कपडा लगाउन सकेका छैनन् । आर्थिक रुपले असक्षम रहेका उनीहरु चिसोको समयमा जसोतसो दिनरात कटाउन बाध्य छन् । शिक्षाको पहुँचबाट समेत बञ्चित ती परिवार आफ्नो परिवारको गुजारा मजदुरी गरेर होस् वा अन्य कुनै काम गरेर गरिरहेका छन् । यस्तो अवस्थामा प्रकृतीको नियमअनुसार हरेक वर्ष तीन/चार महिना चिसो मौसम हुनेगर्दछ । यो समयमा उनीहरु निकै कष्टकर जिवन बिताउन बाध्य हुन्छन् ।

चिसोका कारण गरिब, असाहय, विपन्न व्यक्तिहरु अकालमै ज्यान समेत गुमाउने गरेका छन् । उनीहरुको उचित रेखदेख तथा शरीर न्यानो पार्नका लागि स्थानिय सरकार तथा सम्बन्धीत निकायले चिसो बढेको बेला क्षणिक रुपमा केही राहत तथा न्यानो कपडाको व्यवस्था गर्ने गरेको दृश्य देखिन्छन् । त्यो पनि एक जनालाई एउटा न्यानो कपडा बितरण गर्दा सयौं तस्बिर खिचाएर मानववीय कार्य गरिएको कुरा सामाजिक संजालमा पोष्ट गर्न भ्याउछन् । तर, एक दिनका लागि गरिएको ती कार्यको कुनै औचित्य रहँदैन् । यसका लागि एउटा दुरगामी दृष्टि बनाएर स्थानिय सरकारले ठोस कदम उठाउन सकेमात्र ती परिवारहरुको कल्याण हुने कुरामा दुईमत नहोला ।

तसर्थ कुनै पनि कार्य गर्नका लागि एउटा ठोस नीति र त्यसको कार्यान्वयन पक्ष बलियो बनाएर अघि बढे मात्र परिणाम सकारात्मक हुने हो । यसका लागि सबै पक्षले आजैदेखी सकारात्मक कार्यका लागि ठोस नीति बनाएर अघि बढ्नु आवश्यक छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# एक प्रतिशत जनसंख्यामा कोरोना संक्रमण पुग्दा विश्व नै अस्तव्यस्त

काठमाडौं, १३ पुस (रासस) ।

गत वर्ष डिसेम्बरमा चीनको हुवे प्रान्तको वुहान शहरबाट शुरु भएको कोरोना भाइरस सङ्क्रमण विश्वको जनसङ्ख्याको एक प्रतिशतसम्म पुगेको छ । यो भाइरसले विश्वका एक प्रतिशत मात्र नागरिकलाई सङ्क्रमित बनाएसँगै विश्व भने अस्तव्यस्त बन्न पुगेको छ । विश्व यतिखेर स्वास्थ्य चुनौतीको सामना गरिरहेको छ भने यो सङ्क्रमणले वर्षदिनको फन्को लगाइसक्दा पनि यसको औषधिउपचारको सहज उपलब्धता हुन नसक्नु विश्व समुदायका लागि अर्को चुनौतीसमेत बनेको देखिएको छ ।

विश्वको जनसंख्या सात अर्ब ८२ करोड रहेको छ । हाल विश्वभरका ८ करोड ११ लाख भन्दाबढी व्यक्तिलाई कोरोना भाइरस सङ्क्रमण भएको छ । यो सङ्ख्या विश्वको जनसङ्ख्याको एक प्रतिशत हो । कोरोना भाइरसबाट सबैभन्दा बढी प्रभावित देश संयुक्त राज्य अमेरिका हो । अमेरिकाको जनसङ्ख्या ३३ करोड रहेको छ । हाल अमेरिकामा १ करोड ९५ लाख भन्दा बढी व्यक्तिलाई कोरोना भाइरस भएको पुष्टि भएको छ ।अमेरिकी जनसङ्ख्याको करिब ६ प्रतिशत भन्दा बढीलाई कोरोना भाइरस सङ्क्रमण भएको छ । विश्वको जनसङ्ख्याको हिसाबबाट दोस्रो स्थानमा रहेको भारतको जनसङ्ख्या करिब १ अर्ब ३९ करोड रहेको र हाल भारतमा १ करोड दुई लाख ७ हजार भन्दा बढीलाई कोरोना भाइरस सङ्क्रमण भएको छ । भारतको जनसङ्ख्याको हिसाबबाट ०.८ प्रतिशतलाई सङ्क्रमण भएको छ ।

विश्वमा यस्ता महामारीजन्य रोगहरु यसअघि पनि नआएको भने होइन । सन् १९१८ मा शुरु भएको इन्फ्लुएन्जा माहामारी हालसम्मको इतिहासको गम्भीर माहामारीको रुपमा रहेको थियो । यो माहामारी ‘एच १ एन १’ भाइरस् नाम दिइएको इन्फ्लुएन्जा फ्लुबाट ५० करोड व्यक्ति सङ्क्रमित भएका थिए भने यस रोगको सङ्क्रमणको कारण ५ करोड व्यक्तिको मृत्यु भएको थियो । सो सङ्क्रमित सङ्ख्या उक्त समयको विश्वको जनसङ्ख्याको एक तिहाई थियो । यस फ्लुले अमेरिकामा मात्र ६ लाख ७५ हजार भन्दाबढी व्यक्तिको मृत्यु भएको थियो । सन् १९१८ मा शुरु भएको यो प्रकोप सन् १९२० मा मात्र अन्त्य भएको थियो । यो भाइरसको उत्पत्ति कहाँ भएको हो भने प्रष्ट हुन सकेन । सन् १९१८ को वसन्त ऋतुमा पहिलो पटक एक अमेरिकी सैनिकमा उक्त भाइरस फेला परेको थियो ।

यस्तै सन् २००९ मा स्वाइन फ्लु नामक माहामारी शुरु भएको थियो । स्वाइन फ्लु सन् २००९ जनवरीबाट शुरु भई सन् २०१० को अगस्तमा अन्त्य भएको थियो । यस फ्लुको शुरुवात उत्तरी अमेरिकी देश मेक्सिको र भेराक्रुज भएको थियो । यस फ्लुबाट ४ लाख ९१ हजार सङ्क्रमण पुष्टि भएको थियो भने २ लाख ८४ हजारको मृत्यु भएको थियो । सन् १६६५ मा द ग्रेट प्लेग माहामारी शुरु भएको यो सन् १६६५ बाट १६६६ सम्म माहामारीको रुपमा रहेको थियो यसको शुरुवात संयुक्त अधिराज्य लण्डनबाट शुरु भएको थियो । यस प्रकोपबाट ७५ हजार व्यक्तिको मृत्यु भएको थियो ।

त्यसैगरी पश्चिम अफ्रिकी देशहरुमा भने अर्को एक खतरनाक भाइरस इबोलाको महामारी शुरु भएको थियो । यस भाइरसको शुरुवात सन् २०१३ को डिसेम्बर २६ बाट भएको थियो । यो माहामारी सन् २०१६ को जनवरी ९ सम्म रहयो । यस प्रकोपबाट ११ हजार ३२३ व्यक्तिको मृत्यु भएको थियो ।जस्

एक वर्षदेखि जारी यस कोरोनाको कारण विश्वको हरेक देशमा मनाइने ठूला पर्वहरु पनि रोकिएको छ । विश्वमा करिब २ अर्ब जनताले मनाउने गरेको क्रिसमसको बिदा युरोपमा मनाउन पाएनन् । कोरोना भाइरसको प्रतिबन्धका कारण उनीहरुमा यस्तो समस्या आएको हो । युरोपमा क्रिसमस र आगामी केही दिनमा शुरु हुने नयाँ वर्षको अवसरमा पनि बिदा दिइएको छ । विश्वको १६० भन्दा बढी देशले मनाउने यस पर्वमा नागरिकहरु बिदाका साथै क्रिसमसको अवसरमा समेत घरबाट बाहिर निस्किन पाएका छैनन् । धेरै नागरिकलाई एकै पटक एक स्थानमा जम्मा हुन दिइएको छैन भने कतिपय स्थानमा त घरबाहिर जान पनि नपाइने गरी कडा खालका प्रतिबन्धहरु लगाइएको छ । होटल रेष्टुरेन्टहरु साँझको छ बजे नै बन्द गर्न भनिएको छ भने होटल तथा पार्टी गर्ने स्थानहरुमा यस्ता समारोहको आयोजना गर्न पनि दिइएको छैन ।

युरोपका बेलायत, जर्मनी, फ्रान्सलगायतका देशमा भाइरसको दोस्रो लहर आएको छ । यसले गर्दा क्रिसमसको समयमा यसअघि कहिल्यै पनि नभोगेको समस्यामा युरोपका प्राय देशका नागरिक परेको देखिएको थियो । बेलायतमा त कोरोना भाइरस जिवाणुको नयाँ स्वरुपको प्रकोप नै भेटिएको भन्दै यहाँका कतिपय स्थानमा कडा खालका प्रतिबन्धहरु लगाइएको छ । यहाँ नागरिकलाई रमाइलो जमघट परी जाओस घरबाट बाहिर पनि निस्किन दिइएको छैन । बेलायतमा कडा खालको कोरोना भाइरसको जिवाणु भेटिएपछि युरोपका नागरिकले क्रिसमसको अवसरमा कुनै पनि समारोह गर्न र आनन्द लिने काम गर्न पाएका छैनन् ।

युरोपका कतिपय देशहरुमा यो भाइरसको दोस्रो लहर आएको बताइएको छ । बेलायतमा केही हप्तायतादेखि कडा खालका प्रतिबन्धहरु लगाएको थियो र यसपछि पछिल्ला केही दिनहरु यतादेखि पनि यहाँ झनै कडा भाइरस आएको भन्दै थप प्रतिबन्धहरु लगाइएको थियो । बेलायत र अरु पनि कैयौं देशमा क्रिसमसमा र नयाँ वर्षमा दिइएको बिदाका समयमा नागरिकहरुले बिदा मनाउन ठूलो सङ्ख्यामा जम्मा हुनसक्ने भएकोले यसमाथि प्रतिबन्ध लगाइएको छ । जर्मनी, बेलायत र फ्रान्सकै पनि कतिपय स्थानका मानिसलाई घरबाट निस्किनसमेत नपाउने गरी प्रतिबन्धहरु लगाइएको छ । युरोपका देशहरुले कोरोना भाइरसको प्रकोपको थप समस्याको आंकलन गरेर क्रिसमस पर्व र नयाँ वर्षका अवसरमा धेरै भिडभाड हुनसक्ने सम्भावना रहेकोले नागरिकलाई घरबाट बाहिर ननिस्कन र निस्किएमा पनि भिडभाड नगर्न भनी कडा खालका नियमहरु बनाएका छन् ।

यहाँ बसोबास गर्ने कतिपय स्थानका नागरिक त घरबाट निस्किनसमेत नपाउने गरी प्रतिबन्ध लगाइएको छ । नयाँ प्रतिबन्ध लगाइएका स्थानमा पूर्वीबेलायतका विभिन्न सात स्थान रहेका स्वास्थ्यमन्त्री म्याटले जानकारी दिनुभएको हो । ती स्थानमा पछिल्लो पटक नयाँ खालका कोरोना भाइरसका दुई जना बिरामी भेटिएपछि यस्तो प्रतिबन्ध लगाउनुपरेको उहाँले बताउनुभएको थियो । यसैबीच बेलायतमा यो पछिल्लो अवस्थापछि बेलायतबाट आउने तथा बेलायत जाने हवाई उडानमाथि नै प्रतिबन्ध लगाएको बताएका छन् । बेलायतबाट हुने उडानमा विश्वका ४० भन्दा बढी देशले प्रतिबन्ध लगाएका छन् । डच सरकारले यस्तै खालको प्रतिबन्ध लगाइएको थियो । बेलायतबाट आएको उडानमा रहेका एकजना व्यक्तिमा हालैमात्र कोरोना भाइरसको जिवाणु पाइएको भन्दै उडानमा प्रतिबन्ध लगाएको हो ।

बेलायतल सरकारमात्र होइन क्रिसमस पर्व र नयाँ वर्षका अवसरमा धेरै भीडभाड हुनसक्ने सम्भावना रहेका स्थानमा अरु युरोपेली देशहरुले पनि आफ्ना नागरिकलाई घरबाट बाहिर ननिस्कन र निस्किएमा पनि भीडभाड नगर्न कडा रुपमा आदेश नै जारी गरेक भनेका थिए । बेलायतबाट हुनसक्ने कोरोनाको सङ्क्रमणलाई जति सक्दो कम गर्न तथा फैलिन नदिन बेलायत जान र त्यहाँबाट आउने नागरिकलाई रोक्नका लागि यतिखेर विश्वका कैयौं देशले यात्रामा प्रतिबन्ध लगाएको बताएका छन् । यसरी बेलायत दोस्रो लहरको प्रभावपछि पनि थप समस्यामा परेको पाइएको छ । गत वर्षको डिसेम्बरबाट शुरु भएको पुरानै कोरोना भाइरसबाट पनि शुरुमा प्रभावित भएको बेलायतले यसको नियन्त्रण राम्रोसँग गर्न सफल भएको थियो ।

अघिल्लो महिनादेखि पुन:यसैको दोस्रो लहर आयो र यहाँको जनजीवनलाई थप प्रभावित बनायो । त्यसपछि पनि केही नयाँ प्रतिबन्ध बेलायतले घोषणा गरेका थिए । त्यसैमाथि अहिले फेरि झन् कडा खालको र मृत्युको दर पनि बढी भएको यो नयाँ भाइरस देखिएको भन्दै यसले बृटिस सरकार र यहाँका नागरिकलाई थप समस्यामा पारेको छ । नयाँ भाइरसको त्रासका कारण विश्वका ४० भन्दा बढी देशले बेलायतमाथि यात्रा प्रतिबन्ध लगाएपछि त यहाँको जनजीवन थप प्रभावित भएको बताइएको छ । यसका कारण बेलायतले यो पछिल्लो संस्करणको भाइरसले यहाँको जनजीवनलाई प्रभावित त बनाउँछ नै यसले यहाँ बेरोजगारी समस्या उत्पन्न गर्ने तथा यहाँको अर्थतन्त्रमा पनि नराम्रो प्रभाव पार्ने निश्चित जस्तो देखिएको जानकारको भनाइ छ । यसरी अहिले विश्व कोरोना सङ्क्रमणको पुरानै समस्याबाट पीडित रहेका बेला फेरि नयाँ प्रजातिको संक्रमण फैलिएको छ । यसले गर्दा विश्वलाई नै एक किसीमले तहस नहस नै बनाएको छ ।*(अन्तर्राष्ट्रिय समाचारमा आधारित)*

# मिलको फित्तामा कपाल बेरिएर संचालककै छोरीको मृत्यु

**दैनिक समाचारदाता राजविराज, १३ पुस ।**

सप्तरीको कृष्णासवरण गाउँपालिकामा मिलको फित्तामा कपाल बेरिएर संचालककै छोरीको घटनास्थलमै मृत्यु भएको छ । अग्निसाइर कृष्णासवरण गाउँपालिका वडा नं. ६ मा माराजदेव पण्डितले संचालन गरेको कुटानी पिसानी मिलको फित्तामा कपाल बेरिएर १७ वर्षिया छोरी नोनिया पण्डितको आइतबार मृत्यु भएको हो ।

यता घटना बारे थप अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय कंचनपुरले जनाएको छ ।

# बन्दाबन्दीमा समेत निगमले नाफा कमायो

काठमाडौँ, १३ पुस (रासस)।

कोभिड-१९ को प्रभावले इन्धन खपतमा कमी आउँदा समेत नेपाल आयल निगमका नाफामा वृद्धि भएको छ। गत चैत ११ गतेदेखि गरिएको बन्दाबन्दीको अवधिमासमेत निगमले नाफा आर्जन गरेको छ।

निगमले सार्वजनिक गरेको गत आर्थिक वर्ष २०७६/७७ को अन्तिम लेखापरीक्षण प्रतिवेदन अनुसार रु १३ अर्ब नाफा कमाएको छ। पेट्रोलियम पदार्थको कारोबार गरेर निगमले एक वर्षको अवधिमा रु १२ अर्ब ८७ करोड नाफा कमाएको हो। प्रतिवेदनमा मोतिहारी अमलेखगञ्ज पेट्रोलयम पाइपलाइनबाट इन्धन आयात गरी ढुवानी रकम बचत हुनुका साथै अघिल्ला वर्षको नाफा रकमको ब्याज आम्दामी बढेपछि निगमको नाफामा वृद्धि भएको हो।

ब्याज आम्दानी, ढुवानी खर्चमा भएको बचत तथा एलपिजी ग्यासमा दिँदै आएको अनुदान घटेका कारण गत आर्थिक वर्ष २०७६/७७ मा निगमको नाफा बढ्न पुगेको निगमका कार्यकारी निर्देशक शुरेन्द्र पौडेलले जानकारी दिनुभयो। उहाँका अनुसार समग्रमा निगमले पाँच प्रतिशतको हाराहारीमा मुनाफा आर्जन गरेको छ।

**कुन वर्ष कति नाफा**

लामो समयदेखि घाटामा रहेको निगम पछिल्ला वर्षमा नाफामा गएको हो। निगमले गत आर्थिक वर्ष २०७२/७३ मा रु १९ अर्ब ३६ करोड, आव २०७३/७४ मा रु ९ अर्ब ४५ करोड, २०७४/७५ मा रु तीन अर्ब ५८ करोड, २०७५/७६ मा ८ अर्ब ७५ करोड र गत आव २०७६/७७ मा रु १२ अर्ब ८७ करोड नाफा कमाएको छ।

निगमले आव २०७५/७६ मा रु २९ करोड रहेको चुक्ता पूँजीलाई रु दश अर्ब पूँजी वृद्धि गरेर रु एघार अर्ब पुऱ्याएको थियो। आव ०७५/७६ मा निगमले नाफा रकमबाट २० प्रतिशत लाभांश वितरण गरेको थियो। आव २०७६/७७ मा नाफा रकमबाट शेयर होल्डरलाई २० प्रतिशत लाभांश वितरण गर्ने भएको छ।

अन्तर्राष्ट्रिय बजारमा पछिल्ला वर्ष इन्धनको मूल्य घट्नु र निगमले स्वचालित मूल्य प्रणाली लागू गर्दै गएपछि नाफामा वृद्धि भएको हो। इन्धनको ढुवानी रकम बचत हुनुका साथै अघिल्लो वर्षको नाफा रकमको ब्याजबाट समेत नाफा बढाउन सहयोग पुगेको प्रतिवेदनमा उल्लेख छ।

दश महिनाको अवधिमा पाइपलाइनबाट डिजेल ढुवानी गर्दा रु एक अर्ब ४७ करोड बचत भएको प्रतिवेदनमा उल्लेख छ। साथै गत वर्षको नाफा रकमको बैक ब्याजबाट मात्र रु एक अर्ब ७७ करोड आम्दानी भएको निगमको जनाएको छ। आव २०७०/७१ मा प्रतिलिटर रु १३४ रहेको पेट्रोलको मूल्य आव ०७६/७७ को असार मासान्तसम्म घटेर रु एक सय २ मा झरेको थियो। यस्तै सोही अवधिमा रु एक सय ५ रहेको डिजेलको मूल्य घटेर रु ८८ मा झरेको थियो।

निगमले अन्तर्राष्ट्रिय मूल्य अनुसार इन्धनमा स्वचालित मूल्यअनुसार स्थानीय बजारमा मूल्य समायोजन गर्दै आएको छ। निगमले इण्डियन आयल कर्पोरेशन (आइओसी)ले पठाएको मूल्य अनुसार निगमले स्थानीय बजारमा मूल्य सामायोजन गर्ने गरेको छ।

निगममा सरकारको ९९ प्रतिशत शेयर लगानी रहेको छ। यसमा अर्थ, उद्योग वाणिज्य आपूर्तिमन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ताहित संरक्षण विभाग, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, राष्ट्रिय बीमा कम्पनी, राष्ट्रिय वाणिज्य बैंक र नेपाल बैंकको शेयर रहेको छ। सरकारलाई सबै भन्दा धेरै राजश्व बुझाउनेमा अग्रस्थानमा रहेको निगमले गत आवमा इन्धनको कारोवार गरेर सरकारलाई रु ६६ अर्ब ८८ करोड राजश्व बझुाएको जनाएको छ। गत वर्ष निगमले रु दुई खर्ब ५ अर्ब बराबरको २५ लाख किलोलिटर इन्धन आयात गरेको थियो। यो अघिल्लो वर्षको तुलनामा ११ प्रतिशतले कमी हो।

निगमले उपभोक्ताबाट विभिन्न शीर्षकमा उठाउँदै आएकोमध्ये सडकमर्मत शुल्कबाट पाँच वर्षको अवधिमा रु चार अर्ब ९९ करोड पुगेको छ। यस्तै प्रदूषण करबाट रु दुई अर्ब ९४ करोड, पूर्वाधार विकास करबाट रु १३ अर्ब ९८ करोड जम्मा भएको छ। निगमले अन्तर्राष्ट्रिय मूल्य अनुसार मूल्य सामायोजन गर्दै आए पनि सीमानाका भन्दा नेपालमा इन्धनको मूल्य सस्तो रहेको छ। सीमा नाका भन्दा नेपालमा पेट्रोल ३१ रुपैयाँ ८४ पैसा र डिजेल रु ३७ रुपैयाँ २६ पैसा नाफा रहेको छ। हाल पेट्रोल प्रतिलिटर रु १०६ र डिजेलको रु ८९ मूल्य रहेको छ।

**प्रधानमन्त्रीको असंबैधानिक कदमबिरुद्ध सोमबार नेपाली काँग्रेसले सप्तरीको भारदह, रुपनी र सुरुङ्गामा निकालेको बिरोध प्रदर्शन तथा सम्पन्न गरेको बिरोध सभाको दृश्य।** ***तस्बिर : राजविराज दैनिक***









## विश्व समाचार

### ट्रम्पद्वारा ९ खर्ब डलरको राहत प्याकेजमा हस्ताक्षर

वासिङटन, १३ पुस (रासस-एएफपी)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ९ अर्ब डलरको राहत प्याकेज सम्बन्धी एक आदेशमा आइतबार हस्ताक्षर गर्नुभएको छ। एक साता अघि नै संसद्ले विधेयक पारित गरेपनि राष्ट्रपति ट्रम्पले विधेयकमा रहेका प्रावधानमा असहमति जनाउँदै हस्ताक्षर गर्न ढिलाइ गर्नुभएको थियो।

रिपब्लिकन र डेमोक्रेट दुबै दलको सहमतिमा पारित भएको विधेयक स्वीकृत नभएपछि दुबै दलले राष्ट्रपतिमाथि दबाब दिएका थिए। कोभिड-१९ को सङ्कटको सामना गरिरहेका अमेरिकी नागरिक र व्यवसायलाई मद्दत गर्न ल्याइएको उक्त विधेयक दोस्रो हो। यसअघि पनि झण्डै २२ खर्ब डलरको राहत प्याकेज वितरण गरिएको थियो। पछिल्लो विधेयक स्वीकृत गरेसँगै अमेरिकी सङ्घीय कार्यालय बन्द हुने खतरा तत्कालका लागि टरेको छ। उक्त विधेयक राष्ट्रपतिबाट स्वीकृत नभएको अवस्थामा यही मङ्गलबारदेखि कैयौं अमेरिकी सङ्घीय कार्यालय बन्द हुने थिए।

फ्लोरिडास्थित आफ्नो मार-ए-लागो रिसोर्टमा क्रिसमसको छुट्टी मनाइरहनुभएका राष्ट्रपति ट्रम्पले जारी गर्नु भएको विज्ञप्तिमा भनिएको छ, "मैले यो विधेयकमा हस्ताक्षर गरिदिएको छु। यसबाट बेरोजगारी भत्ता, साना व्यवसायका लागि घरभाडा, व्यक्तिगत खातामा नगद सहयोग, हवाई सेवाका कर्मचारीलाई पुनः काममा फर्कन, खोप वितरणका लागि थप रकमको व्यवस्था गर्न मद्दत गर्नेछ।"अमेरिकाका नयाँ निर्वाचित राष्ट्रपति जो बाइडेनलेसमेत दुबै सदनद्वारा पारित आम सहमतिको विधेयक तत्काल स्वीकृत गर्न राष्ट्रपति ट्रम्प समक्ष आग्रह गर्नुभएको थियो।

त्यस्तै रिपब्लिकन सिनेटर मिट रम्नीले पनि राष्ट्रपति ट्रम्पले विधेयकमा हस्ताक्षर गरेकामा आफू निकै खुशी भएको बताउनुभएको छ। ट्वीट गर्दै सिनेटर रम्नीले विधेयक स्वीकृत भएसँगै अमेरिकी श्रमिक, परिवार र साना व्यवसायीले निकै राहतको महशुस गर्ने बताउनुभयो। यसअघि आइतबार उहाँले राष्ट्रपति ट्रम्पमाथि विधेयक तत्काल स्वीकृत गर्न वा भिटो प्रयोग गर्न चेतावनी दिनुभएको थियो।

राष्ट्रपति ट्रम्पले विधेयक स्वीकृत गर्नेक्रममा प्रत्येक अमेरिकी परिवारका लागि हाल प्रस्तावित ६०० अमेरिकी डलरको साटो १८०० डलर दिनुपर्ने आफ्नो पूर्व अडान यथावत् रहेको दोहोऱ्याउनु भएको छ। उहाँले असम्बन्धित कार्यक्रममा राहत प्याकेजको रकम खर्च हुन लागेको जिकिर गर्नुभयो।

### बारेन्ट्स समुद्रमा डुङ्गा दुर्घटना, १७ जना बेपत्ता

मस्को, १३ पुस (रासस-एएफपी)।

रसियाको पश्चिमी क्षेत्रमा अवस्थित बारेन्ट्स समुद्रमा माछा मार्न प्रयोग गरिएको एउटा डुङ्गा सोमबार डुब्दा त्यसमा रहेका कम्तीमा १७ व्यक्ति बेपत्ता भइरहेको रसियाको आपतकालीन मन्त्रालयले जनाएको छ। दुर्घटनामा परेका १९ व्यक्तिमध्ये दुई जनालाई जीवितै उद्धार गरिएको मन्त्रालयको भनाइ छ। ओनेगा नामको निजी डुङ्गा नोभाया जेम्ल्या नजिकैको जलक्षेत्रमा दुर्घटनाग्रस्त भएको र अधिकारीहरुले बिहान ७.३० बजे थाहा पाएका थिए।

प्रतिकूल मौसमका कारण डुङ्गामा हिउँ जम्दै गएपछि डुङ्गा नै डुबेको आशङ्का गरिएको छ। हराइरहेका व्यक्तिको खोजी र उद्धार कार्य जारी रहेको अधिकारीहरुले बताएका छन्।

### भारतमा कोरोना भाइरस सङ्क्रमितको संख्या एक करोड दुई लाख ७ हजारभन्दा बढी

नयाँदिल्ली, १३ पुस (रासस/सिन्ह्वा)।

भारतमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या सोमबारसम्म एक करोड दुई लाख ७ हजारभन्दा बढी पुगेको छ।

विगत २४ घण्टाको अवधिमा भारतमा २० हजार २१ नयाँ सङ्क्रमित फेला परेपछि कोरोना सङ्क्रमितको सङ्ख्या एक करोड दुई लाख ७ हजार ८७१ पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ। भारतमा कोरोना भाइरसको सङ्क्रमण देखा परेयता छ महिनाभित्र पहिलो पटक आइतबार कोभिड- १९ को सङ्क्रमित २० हजार भन्दा कम देखिएको थियो।

गत २४ मा भारतमा कोरोना सङ्क्रमणको कारण २७९ जनाको मृत्यु भएपछि कोरोनाभाइरसबाट मृत्यु हुनेको सङ्ख्या एक लाख ४७ हजार ९०१ जना पुगेको छ। मन्त्रालयको पछिल्लो विवरणमा ९७ लाख ८२ हजार ६६९ व्यक्ति सङ्क्रमणमुक्त भएको देखिएको छ। हाल भारतमा दुई लाख ७७ हजार ३०१ सक्रिय सङ्क्रमित रहेका छन्। गत २४ घण्टामा मात्र कोरोना सङ्क्रमित २१ हजार ४३० जना कोरोना मुक्त भएका छन्।

भारतको राष्ट्रिय राजधानी दिल्लीमा आइतबार ७५७ जना थप व्यक्तिमा कोरोना भाइरसका सङ्क्रमण देखिएको र १६ जनाको मृत्यु भएको छ। भारतमा कोभिड-१९ शुरु भएयता भाइरस सङ्क्रमणको कारण दिल्लीमा १० हजार ४५३ जनाको मृत्यु भइसकेको छ।

यसैबीच, सरकारले देशका विभिन्न भागमा कोभिड-१९ परीक्षणलाई तीव्रता दिने बताएको छ। भारतीय स्वास्थ्य अनुसन्धान परिषद्ले आइतबारसम्म देशभर १६ करोड ८८ लाख १८ हजार ५४ को हाराहारीमा नमूना परीक्षण गरेको जनाएको छ। भारतमा आइतबार एक दिनमा सात लाख १५ हजार ३९७ जनाको कोरोना भाइरस नमूना परीक्षण भएको थियो। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले कोभिड-१९ को खोप केही हप्ताभित्रै तयार गर्नेगरी कार्य भइरहेको बताउनुभएको थियो।

# इजिवर्ल्ड ईन्जीनियरिङलाई राजबिराज क्रिकेट लिगको उपाधि




**दैनिक समाचारदाता**
**राजविराज, १३ पुस ।**

राजबिराज स्पोर्टस क्लबको आयोजना तथा सप्तरी क्रिकेट संघसंगको सहकार्यमा संचालित राजबिराज क्रिकेट लिगको उपाधी इजिवर्ल्ड ईन्जिनियरिङले हात पारेको छ।

आइतबार सम्पन्न फाइनल खेलमा युथ क्रिकेट एकेडेमीलाई ३ बिकेटले पराजित गर्दै इजिवर्ल्डले सो उपाधीमा कब्जा जमाएको छ।

युथ क्रिकेट एकेडेमीले टसजिती पहिलो ब्याटिंग गर्ने निर्णय गर्दै निर्धारित २० ओभरको खेलमा ६ बिकेट गुमाई १ सय १३ रन जोडेका थिए। युथका लागि आशिष झाले उत्कृष्ट ब्याटिंग गर्दै ४४ बलमा ५ चौक्का र २ छक्काको मद्धतले ५१ रनको योगदान दिएका थिए भने बिवेक यादव २९, पप्पु यादव १६ र नितेश यादवले १३ रनको योगदान दिएका थिए। बलिंग तर्फ रोबिन सिंहले ३ तथा अनिल यादवले १ बिकेट लिएका थिए।

एक सय १४ रनको लक्ष्य लिई मैदानमा ओर्लेको इजिवर्ल्डले उक्त लक्ष्य १८ ओभर ४ बलमा ७ बिकेटको नोक्सानीमा भेटाएका थिए। ईजिवर्ल्डका लागि निरज यादवले धैयर्तापुर्ण पारी खेल्दै ४२ बलमा २ चौक्का र १ छक्काको मद्धतले ३४ रनको योगदान दिएका थिए भने महवुव आलम र अमल दासले क्रमश : २० र १५ रन तथा अनोज यादव १४ रनमा अविजित रहेका थिए।

यता बलिंग तर्फ बिवेक यादव र मनिश मण्डलले सामान ३ बिकेट लिएका थिए भने अजय यादवले १ बिकेट लिएका थिए। फाईनल खेलको म्यान अफ द म्याच उत्कृष्ट पारि खेलेवापत ईजिवर्ल्डका निरज यादव भएका थिए।

प्रतियोगिता अर्न्तगत उत्कृष्ट ब्याट्सम्यान सबल नेपालका राहुल मण्डल, उत्कृष्ट बलर ईजिवर्ल्डका अनिल यादव, इमरजिंग प्लेयर राजबिराज स्पोर्टसका दिपेश सरदार तथा म्यान अफ द सेरिज ईजिवर्ल्डका खेलाडी महवुव आलम भएका थिए। प्रतियोगिता अर्न्तगत बिजेता टिमलाई नगद रु ३० हजार तथा उपबिजेता टिमलाई १५ हजार प्रदान गरिएको थियो।

### *मन्त्री साहद्वारा ...*

जना बृद्धबृद्धा, अपाङ्ग, असक्तलाई एक एक थान कम्बल प्रदान गरेका हुन्।

मन्त्री साहले राजविराजमा स्थापना गरेको सम्पर्क कार्यालयमा उनीहरुलाई बोलाएर कम्बल बितरण गरेका थिए।

जनता समाजवादी पार्टीका केन्द्रिय सदस्य समेत रहेका मन्त्री साहले कम्बल बितरण कार्यक्रममा पार्टीका जिल्ला अध्यक्ष केदार यादव, दिनेश यादव, संचारकर्मी श्यामसुन्दर यादव, मनोजकुमार माझी, चन्दन यादवसमेत सहभागि रहेका थिए।

पार्टीको महदेव गाउँपालिका कमिटीले ठन्डीका कारण समस्यामा परेकाहरुको विवरण उपलब्ध गराएपछि उनीहरुका लागि सानो सहयोग भएपनि दिन पाएकोमा मन्त्री साहले निकै सन्तुष्टि मिलेको बताए।

# डबल राउण्ड रोबिन टि-ट्वान्टी सुरु

**दैनिक समाचारदाता**
**राजविराज, १३ पुस ।**

डबल राउण्ड रोबिन टि ट्वान्टी क्रिकेट प्रतियोगिता सोमबारदेखी राजविराजमा सुरु भएको छ।

राजरंगशालामा एक कार्यक्रमबीच राजविराज नगरपालिकाका प्रमुख शम्भुप्रसाद यादवले ब्याटिङ तथा नागरिक समाजका अध्यक्ष थानसिंह भन्सालीले बलिङगरि उद्घाटन गरेका हुन्।

क्रिकेट विकास प्रतिष्ठान राजविराजद्वारा दोश्रो संस्करणको प्रतियोगिताको उद्घाटन खेलमा आयोजक क्रिकेट विकास प्रतिष्ठानले शिब्स इन्टरनेशनल बोर्डिङ स्कुल राजविराजलाई ६३ रनले पराजित गरेको छ।



टस जितेर ब्याटिङ रोजेको प्रतिष्ठानले निर्धारित २० ओभरको खेलमा ५ विकेटको क्षतिमा १ सय ४५ रन जोडेको थियो।

१ सय ४६ रनको बिजयी लक्ष्य लिएर जवाफि ब्याटिङ गरेको शिब्सले १४ ओभरमै सबै विकेट गुमाई ८२ रन मात्र जोड्न सक्यो। उक्त खेलको म्यान अफ द म्याच बिजयी टिमका रबिन्द्र यादव घोषित भए।

यसअघि प्रतिष्ठानका अध्यक्ष ई इन्द्रनारायण देवको अध्यक्षताम आयोजित उद्घाटन समारोहमा राजविराज नगरपालिकाका प्रमुख शम्भु प्रसाद यादव, नागरिक समाजका अध्यक्ष थानसिंह भन्साली, प्रेस स्वतन्त्रा सेनानी बैजनाथ झा, क्रिकेट संघका सचिव चन्दन यादव, खेलकुद पत्रकार मञ्चका अध्यक्ष मनोज माझी, समाजसेवी मिरा देव लगायतले प्रतियोगिता सफलताको शुभकामना दिए।



# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रूपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**








देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु →

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit | CITY EXPRESS Money Transfer | Best Remit Quick & Easy | PRABHU Money Transfer — प्रभुको इच्छा — रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*